
## समाचार वाचन तालिका
## (News Sharing Schedule)




समाचार वाचन बिहानी बैठकको समयमा गर्ने एउटा नियमित क्रियाकलाप हो । यसका लागि साप्ताहिक वा पाक्षिक रूपमा प्रत्येक विद्यार्थीको क्रमशः नाम आउने गरी वा पालो आउने गरी एउटा समाचार वाचन तालिका तयार गर्नुपर्छ । यस तालिकामा समाचार भन्ने पालो मिलाउँदा विद्यार्थीको सङ्ख्या हेरेर एकै दिनमा २ वा ३ जनाले भन्ने पालो पाउन सक्छन् तर शिक्षक साथीहरूले हरेक दिन बराबर सङ्ख्यामा विद्यार्थीहरूलाई पालो दिनुपर्दछ । यस तालिकाअनुसार हरेक दिन जसको पालो आउँछ, उसले कक्षा बैठकमा सबैको अगाडि आएर समाचार सुनाउनु पर्छ। समाचार अन्तर्गत विद्यार्थीहरूले त्यो दिन विद्यालय आउनुअघि बाटामा वा घरमा वा कुनै स्थानमा घटेका घटनाहरू वा आफ्ना अनुभवहरू वा शिक्षाप्रद कुनै पनि विषयवस्तुलाई सुनाउन सक्छन्।

## प्रदर्शनी पाटी (Display Board)




विद्यार्थीले गरेका सिकाइहरूलाई प्रदर्शनी पाटी वा ह्याङ्गिङ वा अन्य माध्यमबाट कक्षामा प्रदर्शनी गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसो गर्दा विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरू स्मरणमा राख्न मदत पुग्छ। साथै एकअर्काको काम हेर्न, काम गराइका विभिन्न तरिकाहरू सिक्न र त्यसको कदर गर्ने बानीको विकास हुन्छ । कक्षामा पस्नासाथ विद्यार्थीहरू पाठ्यक्रम अन्तर्गत के-कस्ता सिकाइको चरणमा रहेछन् भनी थाहा पाउन सकिन्छ । शिक्षकलाई विद्यार्थीहरूमा भएका विशेषताहरूको पहिचान गर्न र उनीहरूको कामको मूल्याङ्कन गर्न पनि सहयोग पुग्छ । सिकाइमा प्रगति हुँदै जाँदा विद्यार्थीहरूले गर्ने डिस्प्लेका कामहरू पनि फरक फरक हुन्छन् । पहिले गरेका डिस्प्लेका कुराहरूलाई विद्यार्थीहरूको व्यक्तिगत पोर्टफोलियोमा सञ्चित गरेर रेकर्डको रुपमा राख्नुपर्छ । यसरी रेकर्ड राख्दा उनीहरूको निरन्तर प्रगति बुझ्न र शिक्षकलाई विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्न सजिलो हुन्छ । एउटा कक्षामा कतिओटा डिस्प्ले बोर्ड राख्ने भन्ने शिक्षकको आवश्यकता र विद्यालयमा उपलब्ध स्रोतमा भर पर्छ । प्रायः शिक्षकहरूको अभ्यासलाई हेर्दा मूल विषयहरू, जस्तै: नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन, विज्ञान जस्ता विषयहरूका लागि एक एकओटा विषयगत डिस्प्ले बोर्ड (एउटा कक्षामा कम्तीमा पनि पाँचओटा) राख्ने गरेको पाइन्छ। कक्षाकोठाका भित्ताहरूमा विषय अनुसारका प्रदर्शनी पाटीहरूलाई मिलाएर झुन्ड्याएर राख्न सकिन्छ र विद्यार्थीहरूले गरेका व्यक्तिगत वा समूहगत कार्यलाई त्यसमा मिलाएर राख्न सकिन्छ। व्यक्तिगत कार्यलाई राख्दा सबै विद्यार्थीहरूको काम देखिने गरी राख्नु अति महत्वपुर्ण हुन्छ । कस्तो काम प्रदर्शनी पाटीमा राख्ने भन्ने कुरा चाहिँ शिक्षकको योजनामा भर पर्छ ।



## सामग्रीहरूको व्यवस्थापन
## (Materials Management)



कक्षाको दैनिक शिक्षण प्रक्रियामा प्रयोग हुने वा निश्चित अवधिको अन्तरालमा प्रयोग गर्नुपर्ने शिक्षण र शैक्षिक सामग्रीहरूलाई कक्षाकोठामा व्यवस्थित गरी राख्नुपर्छ । यस्ता सामग्रीहरूलाई साधारण तखता वा र्‍याक बनाई राख्न सकिन्छ । सामग्री व्यवस्थित गरी राख्ने कामका लागि जब चार्टमा नै काम उल्लेख गरी विद्यार्थीहरूलाई त्यसको जिम्मेवारी दिन सकिन्छ। कक्षामा यस्तो अभ्यास गराउँदा विद्यार्थीहरूमा सामग्रीको व्यवस्थापनको सिपको विकास हुन्छ र उनीहरूले घरमा पनि सरसामानहरूलाई व्यवस्थित तरिकाले राख्न सिक्छन् । शिक्षक वा विद्यार्थीले सामग्री प्रयोग गरेपछि सम्बन्धित सामग्री जहाँबाट झिकेको हो, त्यही ठाउँमा राख्ने बानी बसाल्नु अत्यन्तै जरुरी छ। यसो गर्दा आफूले खोजेको सामानहरू समयमै भेट्न सजिलो हुन्छ।



German Nepalese Help Association (GNHA)
Lazimpat, Kathmandu, Nepal
E-mail: gnha@gnha.org.np
Web: www.gnha.org.np



# कक्षाकोठा व्यवस्थापन



GERMAN-NEPALESE HELP ASSOCIATION
GNHA
जर्मन नेपाल सहयोग संघ

## कक्षाकोठा व्यवस्थापन
## (Classroom Management)

कक्षाकोठालाई प्रभावकारी तरिकाले व्यवस्थापन गर्न सकियो भने शिक्षक साना साना कुराहरूमा अल्झनु पर्दैन र शिक्षकले आफ्नो समयलाई रचनात्मक पाठयोजना र सिकाइका विभिन्न तरिकाहरूको खोजी गर्ने मौका पाउँछन्। कक्षाकोठालाई बढी अन्तरक्रियात्मक र सहभागितामूलक बनाउन सकिन्छ । साथै विद्यार्थीले पनि कक्षामा जिम्मेवार भई सिकाइ प्रक्रियामा सहभागी हुने अवसर पाउँछन् । यस अर्थमा कक्षाकोठाको व्यवस्थापनले शिक्षण सिकाइमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## कक्षाकोठाको बैठक (Classroom Meetings)




कक्षाकोठाको बैठक भनेको कक्षाकोठा समूदायको अभिन्न अङ्ग हो । यसले विद्यार्थीहरूमा विभिन्न सामाजिक सिपका साथसाथै भाषिक सिप विकासमा समेत महत्वपुर्ण भूमिका खेल्छ । कक्षामा विद्यार्थीहरूलाई सहभागी गराई कक्षाकोठाको नियम, विद्यार्थीको काम, छलफल, समाचारको आदान प्रदान, कथा पढेर सुनाउने, स्वीकार्य सामाजिक व्यवहारका तरिकाहरू सिकाउने आदि क्रियाकलापका लागि शिक्षकले कक्षा बैठक गर्छन् । सङ्क्षेपमा बुझ्नु पर्दा, जुन समयमा सबै विद्यार्थीहरूलाई एकै ठाउँमा राखेर कक्षागत छलफल र काम गर्नुपर्ने हुन्छ, त्यस समयमा शिक्षकले कक्षामा बैठक गर्छन् । सामान्यतः हरेक दिन कक्षा सुरु गर्नु अघि कक्षा बैठकबाट त्यस दिनको पढाइको सुरुवात गर्ने गरेको पाइन्छ । शिक्षकको सन्देशमा त्यस दिनमा गरिने पढाइका विषयवस्तुहरू लेखिएका हुन्छन् र शिक्षकको सन्देश पढेर कक्षा सुरु गर्ने गरिन्छ । कक्षा बैठक नै एउटा यस्तो अभ्यास हो, जसबाट विद्यार्थीहरूलाई सानैबाट सामाजिक र लोकतान्त्रिक सिप वा व्यवहारहरू सिकाउने काम गरिन्छ । जस्तै– आफूले केही सोध्नु पर्दा हात उठाउने, अरूले भनेका कुराहरू ध्यान दिएर सुन्ने, कुनै समस्यामा छलफल गरेर सबै जना मिली त्यसको समाधान निकाल्ने आदि । कक्षा बैठकका विभिन्न किसिमहरू छन् । उदाहरणका लागि, विहानी बैठक, विषयको सुरुआतमा गरिने बैठक, एक क्रियाकलापबाट अर्को क्रियाकलापमा जाँदाको बैठक, आकस्मिक बैठक आदि ।

## कक्षाकोठाको नियमहरू (Classroom Rules)

कक्षाकोठाको नियमले सबै विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा सहभागी हुन र सहयोगी भई सिक्न मदत पुऱ्याउँछ । कक्षाकोठामा विभिन्न पृष्ठभूमि र अनुभव भएका विद्यार्थीहरू सँगै बसेर र सिकाइ प्रक्रियामा मिलेर सहभागी हुनुपर्छ । सबैको साझा उद्देश्य भनेको प्रभावकारी ढङ्गले सिकाइ प्रक्रियामा सहभागी हुनु हो । यो उद्देश्य पुरा गर्न र सबैलाई समान सिकाइको अवसर तथा सम्मान दिनका लागि कक्षाकोठामा नियमको आवश्यकता हुन्छ । कक्षाका नियमहरू छलफलबाट विद्यार्थीहरूले नै तयार पार्छन् र कुनै नियमको उल्लङ्घन भयो भने त्यसमा पुनः छलफल गरी समाधान खोज्छन् । एकचोटि नियम बनाएर कक्षामा टाँस्दैमा सबै विद्यार्थीहरूले स्वतःस्फूर्त रूपले सोही बमोजिम व्यवहार गर्छन् भन्न सकिँदैन । अरूलाई असर पार्ने व्यवहार देखिनासाथ कक्षा बैठकमा त्यसका बारेमा छलफल गर्नं पर्छ र कुनै नियम थप्नुपर्ने



भएमा थप्नुपर्छ । शैक्षिक सत्रको सुरुमा तयार पारिएका सबै नियमहरू त्यस वर्षभरिका लागि स्थायी हुन्छन् भन्ने छैन । आवश्यकता अनुसार नियमहरू कक्षा बैठकबाट थप्न सकिन्छ र कुनै नियम आवश्यक नभएर हटाउन पनि सकिन्छ । जति माथिल्लो कक्षामा गयो, विद्यार्थीहरूले त्यति नै विस्तृत रूपमा र त्यति नै स्तरीय शब्दहरूमा नियमहरू तयार पार्दछ । कक्षाकोठामा नियम बनाउने अभ्यासले विद्यार्थीहरूलाई स्वनियन्त्रित हुन र अरूको विचार र संस्कृतिलाई कदर गर्न सिकाउँछ । कक्षाकोठाको नियमहरुलाई सकरात्मक वाक्यका रुपमा लेखी सबैले देखिने गरी कक्षाकोठामा राख्न सकिन्छ ।







## विद्यार्थी कार्यतालिका (Student's Job Chart)

विद्यार्थी कार्यतालिकाले विद्यार्थीहरूलाई जिम्मेवारी बहन गर्ने बानीको विकास गराउँछ । समाज चलाउन मानिसहरूले जसरी समाजमा विभिन्न किसिमका कामहरू गर्छन्, त्यसैगरी प्रभावकारी पठन पाठनका लागि कक्षाकोठा समूदायका सदस्यहरू (विद्यार्थी) ले कक्षाका विभिन्न कामहरूको जिम्मेवारी लिने गर्छन् । यहाँ दिइएको चित्रमा कक्षा ५ का विद्यार्थीहरूले आफ्नो कक्षाकोठा व्यवस्थित गर्न आवश्यक पर्ने ७ ओटा कामहरू विद्यार्थी कार्यतालिकामा राखेका छन् ।




कक्षाकोठालाई व्यवस्थित पार्न कस्ता कस्ता कामहरू गर्नुपर्ला र कतिओटा कामलाई विद्यार्थी कार्यतालिकामा राख्नुपर्ला भन्ने कुरा कक्षा बैठकमा छलफल गरी विद्यार्थी र शिक्षक मिलेर निर्क्योल गर्ने गर्छन् । यस्ता अभ्यासहरूले एकातिर विद्यार्थीहरूलाई जिम्मेवार बनाउन मदत पुऱ्याउँछ भने अर्कोतिर शिक्षक कक्षाकोठा व्यवस्थापनका साना साना कामहरूमा नअल्झेर आफ्नो समयलाई प्रभावकारी पाठयोजना र तयारीमा सदुपयोग गर्न सक्छन् । कक्षामा जुन काम विद्यार्थीले गर्न सक्छ, त्यो काम शिक्षकले गर्नं हुँदैन । यसबाट शिक्षकको पनि समय बचत हुन्छ र कामको भार पनि केहि कम हुन्छ । कक्षामा कतिओटा



वा कति किसिमका चार्ट वा तालिका बनाउने वा राख्ने भन्ने कुरा कक्षाको आवश्यकतामा भर पर्दछ । कक्षामा निर्क्योल गरिएका विभिन्न जिम्मेवारीका काम अन्तर्गत कुन काम कसरी गर्ने हो भनी कक्षामा छलफल हुनु नितान्त आवश्यक छ र हरेक विद्यार्थीले त्यसमा सहभागी हुन पाउनु पर्छ ।

## बसाइ व्यवस्थापन (Sitting arrangement)

परम्परागत कक्षाकोठाको बसाइमा डेस्क, बेन्च लहरै राखेर विद्यार्थीहरूलाई रोल नम्बर अनुसार एकपछि अर्काको क्रममा बसाउने गरेको पाइन्छ। यसो गर्दा विद्यार्थीलाई सधैँ एकै ठाउँमा बस्नुपर्ने र आफूभन्दा अगाडि बस्ने साथीको टाउकाको पछाडिबाट हेरेर नै विद्यालय जीवन बिताउनु पर्ने हुन्छ। यस्तो खालको कक्षाकोठाको बसाइमा समूहगत छलफल, सामाजिक अन्तरक्रिया, समूह कार्य लगायतका क्रियाकलापहरू सञ्चालन गर्न गाह्रो हुन्छ। तसर्थ कक्षाकोठामा विद्यार्थीहरुलाई आमनेसामने हुने गरी बस्ने, सानो सानो समूहमा रहेर काम गर्न सक्ने गरी बसाइ व्यवस्थापन गर्नुपर्दछ । यसले गर्दा एक अर्कासँग छलफल गरी सिक्ने, साथी समूहमा रहेर सिक्ने सिकाउने वातावरण तयार हुन्छ । यस्तो बसाइ व्यवस्थापन गर्नका लागि भूइँको बसाइ, कार्पेट कर्नरमा बसाइ, विद्यालयमा नै भएको डेक्सबेन्चहरु आमने सामने हुने गरी राखेर बसाइ व्यवस्थापन मिलाउन सकिन्छ ।



